नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard 1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७५/०७६
च.नं. २४९४

मिति : २०७५।०९।२२

# Drone Camera उडान सम्बन्धी अत्यन्त जरुरी सूचना

विश्वका विभिन्न देशहरुमा कृषि, वातावरण, भूगोल जस्ता विषयहरुको अध्ययन लगायत सैनीक प्रयोजन, मनोरन्जन आदी क्षेत्रहरुमा प्रयोगमा आइरहेको UAV (Unmanned Aerial Vehicle) नेपालमा पनि प्रयोग हुँदै आएको छ । विभिन्न आयोजनाको संरचना अध्ययन गर्ने, सर्वेक्षण अनुसन्धान गर्ने, नक्शाङ्कन गर्ने,तस्वीर खिच्ने, सूचना संकलन गर्ने प्रयोजनार्थ यसको प्रयोग दिनानुदिन बढ्दै गईरहेको परिपेक्षमा गृह मन्त्रालयबाट UAV Drone उडान सम्बन्धी कार्यविधि, २०७२ जारी भई कार्यान्वयनमा आएको सर्वविदितै छ ।

विभिन्न संघ, संस्था तथा व्यक्तिले Drone Camera प्रयोग गर्दा उडानको लागि फ्रिक्वन्सी सम्बन्धमा अनुमती संचार तथा सूचना प्रविधि मन्त्रालय र उडानको लागि नागरिक उड्यन प्राधिकरणको स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ । Drone Camera उडान गर्दा व्यक्तिगत घरजग्गा माथी, सार्वजनिक इलाका, धार्मिक, साँस्कृतिक वैभवका क्षेत्रहरु र महत्वपूर्ण पुरातात्विक संवेदनशील क्षेत्रहरुमा **No Fly Zone** तोकिएकोले सो क्षेत्रमा UAV Drone उडान गर्न पाइने छैन । Drone को प्रयोग गर्दा स्थानीय प्रशासनमा जानकारी गराई सुरक्षा निकायको रोहवरमा मात्र Drone उडान गर्नुपर्ने र उडान पश्चात प्राप्त सूचना, Arial Photo, Map आदी स्थानीय प्रशासन तथा सुरक्षा निकायमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको हुँदा Drone उडान सम्बन्धी कार्यविधि २०७२ को बुँदा नं. ३ पूर्णरुपमा पालना गर्ने गरी अनुमती लिएर मात्र उडान सम्बन्धी कार्य गर्नुहुन यो सूचना प्रकाशन गरीएको छ । यसरी सम्बन्धीत निकायबाट अनुमती नलिई उडान सम्बन्धी कार्य हुन गएमा प्रचलीत कानून बमोजिम कारवाही हुने बेहोरा जानकारी गराईन्छ ।

यदुनाथ पौडेल ७५।९।२२
प्रमुख जिल्ला अधिकारी